# आर्थिक वर्ष २०७६/०७७
# धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को अनुसूची-१५
## (नियम २६ को उपनियम २ सँग सम्बन्धित वार्षिक प्रतिवेदन)

**१. सञ्चालक समितिको प्रतिवेदन :**
संचालक समितिको प्रतिवेदन आ.व. २०७६/०७७ को वार्षिक प्रतिवेदनमा संलग्न छ ।

**२. लेखापरीक्षकको प्रतिवेदन :**
लेखापरीक्षकको प्रतिवेदन आ.व. २०७६/०७७ को वार्षिक प्रतिवेदनमा संलग्न छ ।

**३. लेखापरीक्षण भएको वित्तीय विवरण :**
लेखापरीक्षण भएको वित्तीय विवरण आ.व. २०७६/०७७ को वार्षिक प्रतिवेदनमा संलग्न छ ।

**४. कानूनी कारवाही सम्बन्धी विवरण :**

**(क) त्रैमासिक अवधिमा संगठित संस्थाले वा संस्थाको विरूद्ध कुनै मुद्दा दायर भएको भए :**
गत आर्थिक वर्षमा बैंकले तथा बैंकका विरूद्धमा कर्जा असूली, आयकर तथा बैंकको सम्पत्तिसंग सम्बन्धित गरी जम्मा ३२ थान मुद्दाहरू विभिन्न अदालतहरूमा दायर भएका छन ।

(ख) **संगठित संस्थाको संस्थापक वा सञ्चालकले वा संस्थापक वा सञ्चालकको विरूद्धमा प्रचलित नियमको अवज्ञा वा फौज्दारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको भए :**
यस बैंकको जानकारीमा नभएको ।

(ग) **कुनै संस्थापक वा सञ्चालक विरूद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको भए :**
यस बैंकको जानकारीमा नभएको ।

**५. संगठित संस्थाको शेयर कारोबार तथा प्रगतिको विश्लेषण :**

**(क) धितोपत्र बजारमा भएको संगठित संस्थाको शेयरको कारोबार सम्बन्धमा व्यवस्थापनको धारणा :** शेयर कारोबारमा हुने उतार चढाव खुल्ला बजारले निर्धारण गर्ने भएको हुँदा सोही मूल्य तथा मान्यता अनुरूप हुने गरेको ।

**(ख) गत वर्षको प्रत्येक त्रैमासिक अवधिमा बैंकको शेयरको अधिकतम, न्यूनतम र अन्तिम मूल्यका साथै कुल कारोबार संख्या र कारोबार भएको दिन ।**

| | पहिलो त्रैमासिक | दोश्रो त्रैमासिक | तेश्रो त्रैमासिक | चौथो त्रैमासिक |
|---|---|---|---|---|
| अधिकतम मूल्य | | ४०७ | ५१७ | ४२६ |
| न्यूनतम मूल्य | | ३२१ | ३४६ | ३२१ |
| अन्तिम मूल्य | | ३५९ | ३७७ | ३९७ |
| कारोबार संख्या | | १६,०६३ | २३,५४३ | ४,३२३ |
| कारोबार दिन | | ४९ | ४७ | १५ |

नोटः यस बैंक र ओम डेभलपमेन्ट बैंक एक आपसमा गाभिने प्रयोजनका लागि शेयर कारोबार रोक्का रहेकोले पहिलो त्रयमासमा शेयर कारोबार नभएको ।

**६. समस्या तथा चुनौती :**

**क) आन्तरिक समस्या तथा चुनौतीहरूः** निष्कृय कर्जामा भएको बृद्धि, बैंकिङ्ग क्षेत्रमा दक्ष मानव श्रोतको कमि, कारोबारमा भएको बृद्धिसंगै संचालन जोखिमलाई व्यवस्थापन गर्नुपर्ने चुनौती, आ.व. २०७६/०७७ को पछिल्लो ४ महिनामा देखिएको कोभिड-१९ को महामारीका कारण कार्यालयमा अग्र भागमा रहि काम गर्ने कर्मचारीहरूको स्वास्थ्य लगायतका व्यवस्थापनमा चुनौती आदिलाई बैंकले आन्तरीक समस्या तथा चुनौतीको रूपमा लिएको छ ।

**ख) वाह्य समस्या तथा चुनौतीहरूः** कोभिड-१९ को विश्वव्यापी महामारीका कारण कर्जा तथा व्याज समयमै असुली नहुनु, अपेक्षा गरे अनुरूप विप्रेषणमा कमी, अस्थिर तरलताको अवस्था, लगानीका लागि व्यवसाय मैत्री वातावरणको अभाव, व्यवसाय विस्तारका लागि लगानीको क्षेत्रमा भएको संकुचन, बैकिङ्ग क्षेत्रमा बढ्दो अस्वस्थ प्रतिस्पर्धा आदिलाई बैंकले वाह्य समस्या तथा चुनौतीको रूपमा लिएको छ ।

**ग) व्यवस्थापनद्वारा अवलम्बन गरेको रणनीतिः** कोभिड-१९ को विश्वव्यापी महामारीको कारण बन्दाबन्दीको समयमा कर्मचारीलाई सुरक्षाको मापदण्ड पालना गरी जोखिमलाई न्यूनिकरण गर्न सुरक्षित रूपमा आँशिक कर्मचारीहरूलाई बैंकमा आई काम गर्ने र केही कर्मचारीहरूलाई work from home को व्यवस्था आलोपालो हुने गरि मिलाइएको, डिजिटल च्यनल मार्फत सेवा दिने प्रयोजनका लागि डिजिटल बैंकिङ्ग सम्बन्धी शिक्षा दिईएको, खर्च कटौती तथा व्यवस्थापनका लागि आवश्यक रणनीति लिईएको, कर्जाको गुणस्तरलाई सुधार गर्दै उत्पादनमुलक क्षेत्रमा कर्जा लगानी वृद्धि गर्न साना तथा मझौला व्यवसाय, उर्जा, कृषि तथा लघुवित्त क्षेत्रमा लगानीका लागि विशेष ध्यान दिईएको । समय सापेक्ष प्रविधिमा आधारित नयाँ सेवाहरूको विकास, बैंकमा रहेको जनशक्तिलाई दक्ष तथा सवल बनाउनको लागि प्रभावकारी तालिमको व्यवस्था प्रदान गरिएको, आदि ।

**७. संस्थागत सुशासनः**
**संस्थागत सुशासन अभिवृद्धिका लागि व्यवस्थापनद्वारा चालिएका कदम सम्बन्धी विवरण :**

(क) सञ्चालक समितिले स्वीकृत गरेका नीतिहरूलाई कार्यान्वयनमा ल्याईएको ।

(ख) व्यवस्थापन तहमा गठन गरिएको विभिन्न समितिहरू (जस्तै : सम्पत्ति तथा दायित्व व्यवस्थापन समिति, कर्मचारी पदपूति समिति, कर्जा जोखिम ब्यवस्थापन समिति, आदी) क्रियाशिल रहेको ।

(ग) आन्तरिक नियन्त्रण प्रणालीलाई व्यवस्थित गर्न आन्तरीक लेखापरीक्षकबाट नियमित रूपमा लेखापरीक्षण गराई प्रतिवदनमा दिइएको सुझावहरूको समीक्षा तथा कार्यान्वयन गराउन लेखापरीक्षण समितिको बैठक नियमित बस्ने गरेको र सोबाट प्राप्त निर्देशनहरूलाई तत्कालै कार्यान्वयनमा ल्याईने गरिएको ।

(घ) जोखिम ब्यवस्थापन समितिको बैठक नियमित रूपमा बस्ने गरेको र सो बैठकमा भार परीक्षण, नीति नियमहरूको पर्याप्तता, संचालन जोखिम जस्ता विषयहरूमा छलफल हुने गरेको र व्यवस्थापनलाई प्राप्त निर्देशनहरूलाई पालना गर्दैआएको ।

(ङ) सम्पत्ति शुद्धीकरण निवारणलाई प्रभावकारी बनाउनका लागि ग्राहक पहिचान पद्धतीलाई जोड दिँदै सो क्षेत्रसंग सम्बन्धित विषय बस्तुहरू उपर सम्पत्ति शुद्धीकरण निवारण समितिमा समय समयमा छलफल हुने गरेको ।

(च) बैकिङ्ग कारोबारलाई व्यवस्थित गर्नका साथै संचालन जोखिमहरू न्यूनिकरण गर्न विभिन्न आन्तरिक नीति, नियम तथा निर्देशिकाहरू तर्जुमा गरि लागु गरिएको ।

(छ) सुशासन सम्बन्धमा नेपाल राष्ट्र बैंक, नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय लगायतका नियमनकारी निकायहरूबाट जारी निर्देशनहरू पूर्ण पालना गर्ने गरिएको छ ।

(ज) बैंक भित्र संस्थागत सुशासन कायम गराउने हेतुले संस्थागत सुशासन समितिको गठन गरिएको र सो सम्बन्धमा समय समयमा बैठकमा छलफल पश्चात भएका निर्णयहरूलाई कार्यान्वयन गरिएको । बैंकमा संस्थागत सुशासन कायम राख्नमा मुख्य जिम्मेवारी प्रमुख कार्यकारी अधिकृतलाई दिईएको ।